# आन्तरिक विद्यार्थी मूल्याङ्कन कार्यविधि २०७८

## प्रस्तावना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड "ज" को उपखण्ड १४ बमोजिमको अधिकार प्रयोग गरी कोभिड १९ को महामारीका कारणले भौतिक रुपमा विद्यालयमा उपस्थित भइ मूल्याङ्कन प्रक्रियामा सहभागी हुन नसकिने परिस्थितिमा आन्तरिक रुपमा विद्यार्थीको मूल्याङ्कन गर्न वाञ्छनीय भएकोले, प्रसौनी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले यो कार्यविधि तयार पारेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "आन्तरिक विद्यार्थी मूल्याङ्कन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि प्रसौनी गाउँकार्यपालिकाले पारित गरे पछि लागू हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "गाउँपालिका" भन्नाले प्रसौनी गाउँपालिकालाई जनाउने छ।

(ख) "शिक्षा शाखा" भन्नाले प्रसौनी गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा सम्झिनु पर्छ।

(ग) "मूल्याङ्कन समिति" भन्नाले दफा ३ बमोजिमको मूल्याङ्कन समिति सम्झनु पर्छ।

(घ) "प्रमाण पत्र" भन्नाले विद्यालय र शिक्षा शाखाबाट उपलब्ध गराइने लब्धाङ्क पत्र सम्झनु पर्छ।

(ङ) "पाठ्यक्रम" भन्नाले पाठ्यक्रम विकास केन्द्रबाट जारी हाल लागु भइरहेको बिद्यालयको पाठ्यक्रम सम्झनु पर्छ।

(च) प्र.अ. भन्नाले यस गाउँपालिका अन्तर्गतको विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

## परिच्छेद २

## मूल्यांङ्कन समिति सम्बन्धी व्यवस्था

**३. मूल्याङ्कन समिति** : क) विद्यालय तह कक्षा १-९ सम्मका विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कनको लागि देहाय बमोजिमको समिति रहने छ ;

(१) सम्बन्धित बिद्यालयको प्र.अ. वा निजले तोकेको शिक्षक - संयोजक

(२) बिषय शिक्षकहरु मध्येबाट प्र.अ.ले तेकेको एक जना बिषय शिक्षक — सदस्य

(३) कक्षा शिक्षक — सदस्य सचिव

**४. मूल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार** : मूल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ;

(क) विद्यार्थीहरुको मूल्याङ्कन गर्न आवश्यक पर्ने अभिलेख वा विवरणहरु संकलन गर्ने,

(ख) निष्पक्ष तरिकाबाट विद्यार्थीहरुको नियमित प्रस्तुतिको अभिलेखको आधारमा मूल्याङ्कन गर्ने,

(ग) कार्यविधिले तोके बमोजिमका आधारमा अङ्कन गर्ने,

(घ) नतिजा प्रकाशन तथा प्रमाणीकरणमा सहयोग गर्ने,

(ङ) मूल्याङ्कनको गोपिनियता कायम गर्ने, गराउने,

(च) मूल्याङ्कन सम्बन्धी आवश्यक अन्य कार्यहरु गर्ने, गराउने,

Scanned with CamScanner

## परिच्छेद ३

## मूल्याङ्कनका आधार र प्रक्रिया सम्बन्धी व्यवस्था

**५. मूल्याङ्कनका आधारहरु** : (१) आन्तरीक मूल्याङ्कनका आधार देहाय बमोजिम हुनेछन ;

(क) अर्धवार्षिक परीक्षा — ७०%

(ख) गृहकार्य तथा परियोजना कार्य - १०%

(ग) विद्यालयको हाजिरी - १०%

(घ) सिकाइ क्रियाकलापमा विद्यार्थीको सक्रियता र अनुशासन — १०%

**६. मूल्याङ्कन प्रक्रिया** : मूल्याङ्कन प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) निरन्तर मूल्याङ्कन, प्रयोगात्मक मूल्याङ्कन र लिखित परिक्षाको अङ्कभार दफा (५) उपदफा (१) अनुसार निर्धारण गर्ने,

(ख) उपदफा (क) बमोजिम अङ्कन गर्ने मूल्याङ्कन समितिले मूल्याङ्कन गरी नतिजा तयार गर्ने,

(ग) उपदफा (ख) अनुसारको कक्षा १-९ को समग्र कक्षाको परिक्षाफल तयार गरी प्र.अ.ले प्रमाणित गर्ने,

(घ) कक्षा आठको हकमा उपदफा (क), (ख), र (ग) बमोजिम तयार गरी शिक्षा शाखामा पठाउने,

(ङ) उपदफा (घ) बमोजिम प्राप्त मूल्याङ्कनका आधारमा शिक्षा शाखाले कक्षा आठको अन्तिम नतिजा तयार गर्ने ।

## परिच्छेद ४

## नतिजा प्रकाशन तथा प्रमाणपत्र वितरण

**७. नतिजा प्रकाशन** : (१) प्र.अ.ले प्रमाणित गरेको कक्षा १-७ र कक्षा ९ को नतिजा अनलाइन माध्यमबाट प्रकाशन गर्नु पर्नेछ तथा अभिलेखिकरणको लागि समग्र नतिजाको एक प्रति प्रमाणित प्रतिलिपि शिक्षा शाखामा बुझाउनु पर्नेछ।

(२) कक्षा ८ को हकमा गाउँपालिकाको आधिकारिक वेबसाइट मार्फत नतिजा प्रकाशन गरी विद्यालयलाई पठाउनु पर्नेछ।

**८. प्रमाणपत्र दिनु पर्ने** : (१) कक्षा १-७ र ९ को हकमा पाठ्यक्रम उत्तीर्ण हुनेले प्राप्त गर्नु पर्ने ग्रेड/अङ्क प्राप्त गरेका परिक्षार्थीलाई सम्बन्धी त विद्यालयले प्रमाणपत्र दिनु पर्नेछ।

(२) कक्षा आठको हकमा शिक्षा शाखाले आधारभुत तह कक्षा ८ को परिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ ले तोकेको ढाँचामा प्रमाण पत्र विद्यालयलाई प्रदान गर्नेछ ।

## परिच्छेद ५

## विविध

**९. बाझिएमा अमान्य हुने** : यस कार्यविधिको कुनै व्यवस्था कुनै प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

**१०. बाधा अड्काउ फुकाउ अधिकार** : यस कार्यविधिमा कुनै व्यवस्था थपघट गर्न आवश्यक भएमा सो सम्बन्धी सर्वाधिकार प्रसौनी गाँउपालिकामा निहीत रहनेछ ।

Scanned with CamScanner